# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा,डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

### विभिन्न नदी/खोलाबाट नदीजन्य पदार्थको बिक्रि शुल्क संकलन सम्बन्धि बोलपत्र आह्वानको सूचना

### पाँचौ पटक प्रकाशित मिति २०७८/०९/२१

यस **परशुराम नगरपालिकाको** कार्यालय जोगबुडा डडेल्धुरावाट आ.व.२०७८/०७९ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को दफा ६२ (क), परशुराम नगरपालिका आर्थिक ऐन, २०७८ अनुसार चौथो पटक मिति २०७८/०८/१६ मा प्रकाशित सूचना अनुसार कुनै पनि बोलपत्र खरिद तथा पेश हुन नसकेका देहाय बमोजिमको नदीखोलाको बिक्रि शुल्क **(रोयल्टी)** ठेक्कालिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुलाई परशुराम नगरपालिका नगर कार्यपालिका बैठकको मिति २०७८/०९/२० गतेको निर्णय अनुसार तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि पुन: पाँचौ पटक यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | नदीखोलाको बिवरण | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | संकलन/उत्खनन गर्नु पर्ने वार्षिक परिमाण (घन मिटर) | टेण्डर फाराम दस्तुर | सूचनाको अवधि |
|---|---|---|---|---|---|
| १/IR/२०७८/०७९ | परशुराम नगरपालिका भएर वग्ने रंगुन खोला, वहादुरे नाका (करावण्ड देखी महाकाली छेउ सम्म) | रु २०,६७,१८७।५० | २७,५६२।५० | ३,०००।०० | ७ दिने |
| ३/IR/२०७८/०७९ | परशुराम नगरपालिका भएर वग्ने पन्तुरा खोला | रु १२,१५,०००।०० | १६,२०० | १,०००।०० | ७ दिने |
| ४/IR/२०७८/०७९ | परशुराम नगरपालिका भएर वग्ने सादनी खोला | रु १०,१२,५००।०० | १३,५०० | १,०००।०० | ७ दिने |
| ५/IR/२०७८/०७९ | परशुराम नगरपालिका भएर वग्ने शीर्ष खोला | रु २,९५,३१२।५० | ३,९३७।५० | १,०००।०० | ७ दिने |
| ६/IR/२०७८/०७९ | परशुराम नगरपालिका भएर वग्ने कलेना खोला | रु १,३०,५००।०० | १,७४० | १,०००।०० | ७ दिने |
| ७/IR/२०७८/०७९ | परशुराम नगरपालिका भएर वग्ने लटेरोडा खोला | रु १,०१,२५०।०० | १,३५० | १,०००।०० | ७ दिने |

प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु :

१. इच्छुक फर्म/कम्पनीहरुले फर्म/कम्पनीदर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वंय घोषणा पत्र, माथि उल्लेखित बोलपत्र (टेण्डर) फाराम दस्तुर बापत (**फिर्ता नहुने गरी**) यस कार्यालयको **नेपाल बैङ्क लि.**जोगबुडा शाखामा रहेको आन्तरीक राजश्व **खाता नं. २४४०३०००००१००१००००००१** मा नगद दाखीला गरेको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले **७ औं दिन** (२०७८ पुस २७ गते) सम्म कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । खरीद भएका बोलपत्रहरु **८ औं दिन** (२०७८ पुस २८ गते) **दिउसो १२.०० बजे** भित्र परशुराम नगरपालिकाको कार्यालय, जोगबुडामा दर्ता गर्नुपर्ने छ । रीतपूर्वक दर्ता हुन आएका बोलपत्र **८ औं दिन** (२०७८ पुस २८ गते) **को दिउसो २:००** कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२ . बोलपत्र खरीद, दाखिला, खोलीने दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

३. ठेक्कालिने ईच्छुक फर्मले धरौटी वापत आफुले कबोल गरेको अंकको तीन प्रतिशतको दरले हुन आउने रकम यस **परशुराम नगरपालिकाको नेपाल बैङ्क लि**. जोगबुडा शाखामा रहेको धरौटी **खाता नं. २४४०३०००००३००००००००१** मा नगद दाखीला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्क बाट इजाजत प्राप्त **क** वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी **१२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।**

४. बोलपत्रदाताले सिलबन्दी खामको बाहिर पट्टी ठेक्का नं., ठेक्काको बिवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ ।

५. बोलपत्र खरीदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै बोलपत्र फाराम खरीद गरी, बोलपत्र फारामा उल्लेख भएका सबै विवरणहरु भरी प्रत्येक पानामा हस्ताक्षर गरी फर्म वा कम्पनीको छाप लगाइ छुट्टा छुट्टै दर्ता गर्नु पर्ने छ ।

६. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखीने गरी लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संसोधन हुने छैन ।

७. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

८. कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संसोधन गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन् । साथै यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको, म्याद नाघि आएको र रीत नपुगी वा कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।

१०. ठेक्कामा कुनै विवाद भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

११.ठेक्का रकमको भुक्तानी तालिका देहायबमोजिम हुनेछ

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३० % ले हुन आउने रकम |
| दोस्रो | २०७८ साल चैत्र मसान्त भित्र | कबोल अंकको ४० % ले हुन आउने रकम |
| तेस्रो | २०७९ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको ३० % ले हुन आउने रकम |

१२. ठेकेदारले सम्झौतापत्रमा पट्टापुर्जीमा तोकीएका बस्तुहरुमा मात्र तोकीए बमोजिमको दरमा र तोकिएको स्थानमा मात्र रोयल्टी संकलन गर्नु पर्ने छ । सो भन्दा फरक हुनेगरी शुल्क संकलन गरेमा नियमअनुसार कारवाही हुनेछ ।

१३.प्रचलीत नियमअनुसार कालो सूचिमा परेका र यस परशुराम नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४.ठेकेदारले **परशुराम नगरपालिकाको** राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकल गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

१५.ढुङ्गा गिट्टी,बालुवा,ग्राभेल भरान माटो भिक्नु पर्ने घाटगद्धी **स्थल सम्म** जानआउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फ बाट गर्नु पर्ने छ र खर्च दाबीगर्न पाइने छैन । ढुङ्गा गिट्टी, बालुवा, ग्राभेल, भरान, माटो लिन कुनै व्यक्ती वा निकायको निजि जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्वीकृती लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ ।

१६.ठेकेदारले नदिजन्य पदार्थ संकलन, उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले बेहोर्नु पर्ने छ र बिक्रि शुल्क संकलन गर्ने दर प्रति घनमिटर मु.अ.कर बाहेक **७५।०० (अक्षेरेपी रु पचहत्तर रुपयामात्र)** हुने छ ।

१७. **ठेक्का अवधि सम्झौता  भएको मिति देखि २०७९ जेठ मसान्त सम्म** रहनेछ तर तोकिएको परिमाण उत्खनन तथा संकलन भइसकेपछि कार्यालयले जुनसुकै समयमा पनि उत्खनन तथा संकलन कार्यमा रोक लगाई सम्झौता अनुसारको रकम असुल गरी ठेक्का सम्झौता अन्त गर्न सक्नेछ । ठेक्का अवधीमा बन्द हडताल लकडाउन आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै किसिमको क्षतिपुर्ती दावीगर्न पाइने छैन । **IEE** प्रतिवेदनले निषेध गरेको अबधी र स्थानमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाइने छैन ।

१८. पक्कीपुल, सडक राजमार्ग, ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट **५०० मिटर** दूरी सम्म उत्खनन गर्न पाइने छैन ।

१९.खोला तथा नदीको घाटगद्धीहरुमा सम्पुर्ण जानकारी सहीतको सूचना पाटी (साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्ने छ ।

२०. नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस परशुराम नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्य पदार्थ उत्खनन/संकलन गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारवाही गरिनेछ ।

२१. नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाइएमा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२२. परशुराम नगरपालिका कार्यालय संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE  नभएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल भरान माटो संकलन उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाइ नजिकको सुरक्षा निकायको सहयोग लिइ आवश्यक कारबाही गर्नुपर्नेछ ।

२३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छ ।

२४. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार परशुराम नगरपालिकामा सुरक्षित रहनेछ ।

२५.यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम तथा यस सूचनामा उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम कानुन र नगरपालिकाको निर्णय बमोजिम हुने छ ।

२६. ठेक्का सँग सम्बन्धित अन्य शर्तहरु बोलपत्र फारम खरीद गर्दा यस कार्यालय बाट उपलब्ध गराईने छ । थप जानकारीको लागि **परशुराम नगरपालिकाको कार्यालयमा** सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत